## बीमाशुल्कमा छुट तथा थप

| | |
|---|---|
| वार्षिक | २ प्रतिशत |
| अर्धवार्षिक | १ प्रतिशत |
| त्रैमासिक | छैन |
| मासिक | ५ प्रतिशत थप |

यसमा उल्लेख गरिएका जानकारीहरु ग्राहकहरुको मार्गदर्शन को लागि मात्र हो। माथि उल्लेखित शर्त तथा सुविधाहरुमा फरक परेमा बीमालेख बमोजिम हुनेछ। साथै उल्लेखित शर्त तथा सुविधाहरु समय समयमा बीमा प्राधिकरण (नियमनकारी निकाय) द्वारा जारी ,निर्देशित तथा शंसोधित व्यवस्था तथा बीमा ऐन बमोजिम हुने हुनाले अद्यावधिक जानकारीको लागि कम्पनीमा सम्पर्क राख्नुहोला ।

### हामीसँग जोडिनुहोस्


**प्रधान कार्यालय**

: ०१ ४५३६१२६ : ९८०१२३४४४४

: info@snlic.com : sunlife.com.np

: सिम्खडा प्लाजा, पुतलीसडक, काठमाडौं




# सन नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

SUNLIFE

सबैका लागि सुरक्षा, शिक्षा र समृद्धि



# सन लाइफ धनञ्जय वार्षिक अग्रिम भुक्तानी

**आज बीमा हरेक वर्ष हुन्छ धन फिर्ता**
**सुरक्षा र किस्ता तिर्न छैन केही चिन्ता**


:01-4536126 : 9801234444

: sunlife.com.np : info@snlic.com

# धनञ्जय वार्षिक अग्रिम भुक्तानी जीवन बीमा योजना [Yearly MoneyBack Plan]

## प्रमुख विशेषता

सन नेपाल लाइफ धनञ्जय बीमा योजना मुनाफामा सरिक हुने वार्षिक अग्रिम भुक्तानी बीमा योजना हो। विभिन्न आर्थिक आवश्यकताहरू पूरा गर्न निश्चित समयको अन्तरालमा पैसाको आवश्यकता हुने व्यक्तिहरूको समूहका लागि कम्पनीले सन लाइफ धनञ्जय जीवन बीमा योजना ल्याएको हो। बिमालेख चालु अवस्थामा रहेमा यस बीमा योजनामा प्रत्येक वर्ष बीमाङ्क रकमको ५% रकम फिर्ता गरिन्छ। यो रकम नवीकरण बीमाशुल्कमा समायोजन गर्न सकिन्छ।

## योजना छनौट गर्दा चाहिने योग्यताहरु:

| | न्यूनतम | अधिकतम |
|---|---|---|
| प्रवेश उमेर | १६ वर्ष | ६५ वर्ष |
| ऐच्छिक सुविधा(ADB/PTD/PWD) प्रवेश उमेर | १६ वर्ष | ६५ वर्ष |
| बीमा अवधि | ५ वर्ष | २० वर्ष |
| बीमा समाप्तिमा उमेर | ७० वर्ष | |
| बीमाङ्क रकम | रु १००,०००/- र सोभन्दा माथि | असिमित |
| बीमा शुल्क भुक्तानि तरिका | वार्षिक, अर्धवार्षिक , त्रैमासिक र मासिक | |
| समर्पण तथा ऋण सुविधा | उपलब्ध हुने | |

## योजनाका प्रमुख सेवा सुविधाहरु

### मृत्यु बापत भुक्तानी (Death Benefit)

बीमा अवधि समाप्ति हुनु अगावै चालु बीमालेख अन्तर्गत बीमितको मृत्यु भएमा बीमालेखको शर्त तथा अधिनमा रही पहिले लिएको रकमको कटौती बिना पूर्ण बीमाङ्क रकम र नियमानुसार आर्जित बोनस बीमालेखमा उल्लेखित इच्छाएको व्यक्तिलाई वा इच्छाएको व्यक्ति नभए कानुन बमोजिमको हकवालालाई भुक्तानी गरिनेछ।

### आंशिक अवधि भुक्तानी (Survival Benefit)

बीमा अवधिभर चालु बीमालेख अन्तर्गत बीमितलाई यस बीमालेखको शर्त तथा अधिनमा रही प्रत्येक वार्षिकोत्सवमा बीमाङ्कको ५% रकम भुक्तानी दिइने छ।

### बीमा अवधि समाप्ती भुक्तानी (Maturity Benefit)

यदि बीमितले सम्पूर्ण बीमाशुल्क रकम भुक्तान गरी बीमा अवधि समाप्ती मिति सम्म जीवित रहेमा बीमालेखमा उल्लेखित पूर्ण बीमाङ्क रकम र नियमानुसारको आर्जित बोनस रकम बीमितलाई भुक्तानी दिइने छ।



## अतिरिक्त लाभहरु:

### दुर्घटना मृत्यु, स्थायी अशक्त तथा बीमाशुल्क छुट सुविधा (ADB/PTD/PWB)

कम्पनीले निर्धारण गरेको अतिरिक्त शुल्क भुक्तानी गरी ऐच्छिक सुविधा अन्तर्गत स्थायी पूर्ण अशक्तता सुविधा लाभ लिन सकिनेछ। यो सुविधा अन्तर्गत बीमा अवधिभित्र बीमालेख चालु रहेको अवस्थामा दुर्घटनाको कारणले बीमितको मृत्यु भएमा दुर्घटना मृत्यु लाभ बापतको बीमाङ्क रकम (अधिकतम रु ५० लाख) सम्म प्रदान गरिनेछ। साथै बीमा अवधिभित्र बीमालेख चालु रहेको अवस्थामा दुर्घटनाको कारणबाट बीमित पूर्ण रुपमा स्थायी अशक्त भएको प्रमाणित भएमा उक्त मिति पछिको बीमाशुल्क तिर्नु नपर्ने गरी बीमाशुल्क छुट प्रदान गरिनेछ। स्थायी अशक्तता तथा बीमाशुल्क सुविधा बापतको बीमाङ्क रकमलाई १२० किस्तामा भाग गरी मासिक रुपमा कम्पनीले प्रदान गर्नेछ।

### घातक रोग सुबिधा (CI)

कम्पनीले निर्धारण गरेको अतिरिक्त शुल्क भुक्तानी गरी ऐच्छिक सुविधा अन्तर्गत १८ प्रकारका घातक रोग सम्बन्धी उपचार खर्च सुविधा लिन सकिनेछ। बीमालेख चालु अवस्थामा रही घातक रोग बापत अतिरिक्त शुल्क भुक्तानी गरेको अवस्थामा बीमितलाई सुचिकृत १८ प्रकारका घातक रोगहरु लागेका निरुपण (Diagnosis) भएमा अधिकतम रु. ५० लाखमा नबढ्ने गरी घातक रोग बापतको बीमाङ्क रकम उपचार खर्च बापत प्रदान गरिनेछ । घातक रोगमा उपचार खर्चको लागि कुनै मेडिकल बिल समावेश गर्नु पर्ने हुँदैन।

### किरिया खर्च सुविधा (FE Rider)

कम्पनीले निर्धारण गरेको अतिरिक्त बीमाशुल्क भुक्तानी गरि ऐच्छिक सुविधा अन्तर्गत Funeral Expense पुरक करार सुविधा लिन सकिनेछ। बीमालेख चालु रहेको अवस्थामा बीमितको मृत्यु भएमा सामान्यतया बीमाङ्क रकमको २५ प्रतिशत रकम वा ५०,००० मध्ये जुन कम हुन्छ, सो रकम किरिया खर्च बापत बीमितको हकवालालाई भुक्तानी गरिनेछ ।

## बीमाङ्कमा छुट

| | |
|---|---|
| रु. २,००,००१ देखि ५,००,००० सम्म | रु. १ प्रति हजार |
| रु. ५,००,००१ र सोभन्दा माथि | रु. २ प्रति हजार |